नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

# मिनीग्रिड विशेष कार्यक्रम सञ्चालन नियमावली, २०७६

मंसिर, २०७६

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय (माननीय मन्त्रीस्तर) बाट मिति २०७६/९/२
मा स्वीकृत

# मिनीग्रिड विशेष कार्यक्रम सञ्चालन नियमावली, २०७६

**प्रस्तावना**:नेपाल सरकारले नवीकरणीय उर्जा प्रवर्द्धनका लागि नवीकरणीय उर्जा सम्बन्धी विशेष कार्यक्रमको रुपमा हिमाली तथा उच्च पहाडी सौर्य मिनीग्रिड कार्यक्रम तथा उज्यालो नेपाल कार्यक्रम अन्तर्गत विद्युत नपुगेका स्थानहरुमा सौर्य मिनीग्रिड जडान गर्ने कार्यक्रम घोषणा गरेको छ । उल्लिखित कार्यक्रमहरुको साथै वायु तथा सौर्य/ वायु मिश्रित मिनीग्रिड प्रणाली कार्यान्वयन गर्नु वाञ्छनीय भएकोले,

वैकल्पिक ऊर्जा विकास समितिले वैकल्पिक ऊर्जा विकास समिति (गठन) आदेश, २०५३ को दफा १३ ले दिएको अधिकार प्रयोग गरी यो नियमावलीबनाएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**:(१) यो नियमावलीको नाम "मिनीग्रिड विशेष कार्यक्रम सञ्चालन नियमावली, २०७६" रहेको छ ।

(२) यो नियमावली मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा -**

**(क)** **"आयोजना"**भन्नाले सौर्य, वायु तथा सौर्य/वायु मिश्रित प्रणालीबाट विद्युत उत्पादन गरी वितरण प्रणाली मार्फत कम्तीमा १० घरधुरीमा विद्युतीकरण गर्ने मिनीग्रिड आयोजना सम्झनुपर्छ ।

(ख) **"कम्पनी"** भन्नाले सम्बन्धित स्थानीय तहको पूर्ण वा अधिकांश स्वामित्वमा गठन गरिएको संस्था भन्ने सम्झनुपर्छ ।

**(ग)** **"आयोजना प्रवर्द्धक"** भन्नाले स्थानीय तहको पूर्ण वा अधिकांश स्वामित्व हुने गरी स्थानीय तह आफैं वा स्थानीय तहले तोकेको कम्पनी वा सहकारी मार्फत मिनीग्रिड आयोजना निर्माण तथा सञ्चालन गर्ने संस्था सम्झनुपर्छ ।

**(घ)** **"कूल लागत"** भन्नाले मिनीग्रिड आयोजनाबाट विद्युत उत्पादन तथा वितरणमा लाग्ने सम्पूर्ण लागत सम्झनुपर्छ ।

**(ङ)** **"केन्द्र"** भन्नाले वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसम्झनुपर्छ ।

**(च )** **"नवीकरणीय ऊर्जा परीक्षण केन्द्र"** भन्नाले नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान अर्न्तगतका नवीकरणीय ऊर्जाको परीक्षण गर्ने संस्था सम्झनुपर्छ ।

**(छ)** "**नियमावली"** भन्नाले "मिनीग्रिड विशेष कार्यक्रम सञ्चालन नियमावली, २०७६" सम्झनुपर्छ ।

**(ज)** **"मन्त्रालय"** भन्नाले ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय सम्झनुपर्छ ।

(झ) **"समिति"** भन्नाले वैकल्पिक ऊर्जा विकास समिति सम्झनुपर्छ ।

## परिच्छेद -२

## आयोजना निर्माण तथा सञ्चालन सम्बन्धी व्यवस्था

**३.आयोजना निर्माण तथा सञ्चालन** :केन्द्रले आयोजनाको निर्माण तथा सञ्चालन स्थानीय तहसँगको लागत साझेदारीमा गर्नेछ। सो अन्तर्गत स्थानीय तहको पूर्ण स्वामित्व हुने गरी स्थानीय तह आफैं वा स्थानीय तहले तोकेको सहकारी वा कम्पनी मार्फत गर्नुपर्नेछ।

**४. लागत साझेदारी गर्न सक्ने** : (१) केन्द्रले राष्ट्रिय प्रसारण लाइन वा अन्य मिनीग्रिड आयोजनाबाट विद्युत सेवा उपलब्ध नभएका क्षेत्रहरुमा आयोजना प्रवर्द्धक मार्फत निर्माण गरिने मिनीग्रिड आयोजनाहरुको लागि कूल लागत, कार्यान्वयन गर्नुपर्ने आवश्यकता, प्राथमिकता, कार्यान्वयनबाट हुनसक्ने उपलब्धी, दीगोपाना समेतको आधारमा आयोजनाको कूल लागतको नब्बे प्रतिशतसम्म रकम उपलब्ध गराउनेछ।

(२) केन्द्रले उपलब्ध गराउने बाहेकको रकम सम्बन्धित स्थानीय तह वा स्थानीय तह र प्रदेश सरकारले संयुक्त साझेदारीमा उपलब्ध गराउन सक्नेछन्।

(३) केन्द्रले उपलब्ध गराउने रकम स्थानीय तहबाट उक्त आयोजनामा भएको कार्य प्रगतिको आधारमा उपलब्ध गराउनेछ।

(४) केन्द्रले उपलब्ध गराउने रकमको अन्तिम किस्ता आयोजनाको कार्य सम्पन्न प्रतिवेदन पेश गरेपछि मात्र उपलब्ध गराउनेछ।

## परिच्छेद -३

## आयोजना छनौट तथा मूल्यांकन सम्बन्धी व्यवस्था

**५. आयोजनाको माग संकलन : (१)** आयोजनाको लागि सार्वजनिक सुचना प्रकाशित गरी केन्द्रले तयार गरेको ढाँचामा पूर्व- सम्भाव्यता अध्ययन सहित माग संकलन गरिनेछ।

**(२) स्थानीय तहले आयोजनाको माग गर्दा स्थानीय तह आफैंले वा स्थानीय तहले तोकेको सहकारी वा कम्पनी मार्फत कार्यान्वयन गर्ने एकीन गरी आयोजना माग गर्नुपर्ने छ।**

**६. आयोजना छनौटको मापदण्ड**: आयोजनाको छनौटको मापदण्ड देहाय बमोजिम हुनेछ :-

(क) राष्ट्रिय प्रसारण लाइन वा अन्य मिनीग्रिड प्रणालीबाट विद्युत सेवा उपलब्ध नभएको क्षेत्र हुनुपर्ने।

(ख) सम्बन्धित स्थानीय तहबाट आयोजनाको माग भइ आएको हुनुपर्ने।

(ग) आयोजना प्रवर्द्धकले व्यहोर्ने कम्तीमा दश प्रतिशत लागत साझेदारीको प्रतिबद्धता प्राप्त भएको हुनुपर्ने।

(घ) आयोजना प्रवर्द्धकले आयोजनाको लागि आवश्यक जग्गाको व्यवस्था गर्ने प्रतिबद्धताको कागजात प्राप्त भएको हुनुपर्ने।

**(७) आयोजना छनौट समिति :** (१) प्राप्त हुन आएको प्रस्तावहरुमध्येबाट उपयुक्त आयोजनाहरु

छनौट गर्न केन्द्रमा देहाय बमोजिमको आयोजना छनौट समिति रहनेछ :

(क) केन्द्रको सौर्य तथा वायु ऊर्जा शाखा प्रमुख -संयोजक

(ख) केन्द्रको योजना शाखा प्रमुख -सदस्य

(ग) नेपाल विद्युत प्राधिकरणको प्रतिनिधी -सदस्य

(घ) सौर्य तथा वायु ऊर्जा शाखाका सम्बन्धित क्षेत्र हेर्ने अधिकृत -सदस्य सचिव

(२) समितिले देहायको आधारमा आयोजना छनौट गर्नेछ :

(क) जलविद्युत वा अन्य स्रोतबाट विद्युतीकरण नभएको र निकट भविश्यमा पुग्ने सम्भावना नरहेको ।

(ख) स्थानीय तह वा प्रदेश सरकारले व्यहोर्ने लागतको हिस्सा ।

(ग) आयोजना माग भएको क्षेत्रको भौगोलिक अवस्था ।

(घ) पिछ्डिएको वर्ग, क्षेत्र र समुदायको बसोबास भएको ।

(ङ) आयोजनाबाट उपलब्ध हुने ऊर्जाको उत्पादनमुलक क्षेत्रमा समेत उपयोग हुनसक्ने सम्भावना भएको ।

८. **आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन : छनौट भएका** आयोजनाहरुको विस्तृत सम्भाव्यता अध्ययन सम्वन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) आयोजना डिजाइन गर्दा घरायसी प्रयोजनको लागि प्रति किलोवाट कम्तीमा ३ घरधुरी हुनुपर्नेछ । आयोजनाको माध्यमबाट उत्पादनशील ऊर्जा उपयोगको हकमा केन्द्रले स्वीकृत गरेको विस्तृत सम्भाव्यता अध्ययन ढाँचा बमोजिम हुनेछ ।

(ख) छनौट भएका आयोजनाहरुको विस्तृत सम्भाव्यता अध्ययन परामर्शदाता मार्फत वा केन्द्र आफले गर्नेछ । विस्तृत सम्भाव्यता अध्ययनको लागि आवश्यक बजेटको व्यवस्था सम्बन्धित कार्यक्रम शीर्षकबाट हुनेछ ।

९. **विस्तृत सम्भाव्यता अध्ययनको प्राविधिक मूल्यांकन** : (१) आयोजनाको विस्तृत सम्भाव्यता अध्ययनको प्रतिवेदन मूल्यांकनको लागि केन्द्रमा देहाय बमोजिमको प्राविधिक मूल्यांकन समिति रहनेछ :

(क) केन्द्रको सम्बन्धित महाशाखा प्रमुख -संयोजक

(ख) प्रतिनिधि, नवीकरणीय ऊर्जा परीक्षण केन्द्र -सदस्य

(ग) सम्बन्धित विषयका प्राविधिक विज्ञ -सदस्य

(घ) नेपाल विद्युत प्राधिकरणको प्रतिनिधि -सदस्य

(ङ) केन्द्रको सौर्य तथा वायु ऊर्जा शाखा प्रमुख -सदस्य सचिव

(२) उपनियम (१) बमोजिमको प्राविधिक मूल्यांकन समितिले आवश्यकता अनुसार अन्य विज्ञलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिम गठित समितिलाई बैठक बसेको दिन नियमानुसार बैठक भत्ता प्रदान गरिनेछ ।

(४) प्राविधिक मुल्याङ्कन समितिले देहायको आधारमा वस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदनको मूल्यांकन गर्नेछ :

(क) राष्ट्रिय प्रशारण लाइन नपुगेको र निकट भविश्यमा पुग्ने सम्भावना नभएको

(ख) ऊर्जा माग तथा खपत सम्बन्धी विस्तृत लेखाजोखा भए/नभएको

(ग) माग तथा खपत सम्बन्धी लेखाजोखाको आधारमा मिनीग्रिड प्रणाली डिजाइन भए/नभएको

(घ) आयोजनालाई आवश्यक जग्गाको उपलब्धता भए/नभएको

(ङ) आयोजनाको प्रचलित दर बमोजिमको लागत अनुमान भए/नभएको

(च) आयोजनालाई आवश्यक बजेटको व्यवस्था भए/नभएको

(छ) लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको अवस्था

(५) प्राविधिक मूल्यांकन समितिले उल्लेखित मापदण्ड बमोजिम आयोजनाको डिजाइन, उत्पादन, लागत अनुमान लगायत सम्पूर्ण प्राविधिक पक्षको मुल्यांङ्कन गरी स्वीकृतिको लागि केन्द्र समक्ष सिफारिस गर्नेछ । यसरी सिफारिस भएका आयोजनाको प्राविधिक तथा लागत अनुमान सहितको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदनकेन्द्रले स्वीकृत गरेपछि आयोजना स्वीकृत भएको मानिनेछ ।

(६) यस नियमावली स्वीकृत हुनु अगावै केन्द्रमा प्राप्त माग बमोजिम विस्तृत सम्भाव्यता अध्ययन भइ स्वीकृत भइसकेका आयोजनाहरु समेत यस नियमावली अन्तर्गत नै स्वीकृत भएको मानिनेछ ।

## परिच्छेद -४

## आयोजनाको बोलपत्र आव्हान, सम्झौता, निर्माण, भुक्तानी तथा हस्तान्तरण प्रक्रिया

**१०. लागत साझेदारी रकमको सुनिश्चतता गर्नुपर्ने** : आयोजनाको बोलपत्र आव्हान गर्नु अघि आयोजना प्रवर्द्धकले लागत साझेदारी गर्नुपर्ने रकम आयोजनाको नाममा बैंक खाता खोली जम्मा गर्नुपर्नेछ ।

**११. बोलपत्र आव्हान तथा मूल्यांकन :** केन्द्रबाट स्वीकृत आयोजनाको निर्माणका लागि बोलपत्र आव्हान गर्दा केन्द्रले तोकेको डिजाइन र प्राविधिक मापदण्ड बमोजिम सम्बन्धित स्थानीय तहले गर्नुपर्नेछ । केन्द्रको प्राविधिक सहयोगमा प्राप्त बोलपत्रहरुको नियम बमोजिम मूल्यांकन गरी आपूर्तिकर्ता/ठेकेदार छनौट गरिनेछ । तर स्थानीय तहबाट अनुरोध भइ आएमा बोलपत्र आव्हान तथा मूल्यांकन कार्य केन्द्रले गर्न सक्नेछ ।

**१२. सम्झौता तथा भुक्तानी** : (१) आयोजनाको निर्माणको लागि आयोजना प्रवर्द्धक र

आपूर्तिकर्ता/ठेकेदारबीच सम्झौता हुनेछ । तर स्थानीय तहबाट अनुरोध भइ आएमा केन्द्रले आपूर्तिकर्ता/ठेकेदारसँग सम्झौता गरी कार्यान्वयन गर्नेछ ।

(२) केन्द्रले आयोजना प्रवर्द्धकलाई आयोजनाको निर्माण, सञ्चालन र दीगोपना समेतलाई ध्यान दिई सम्झौतामा समेट्नुपर्ने सम्पूर्ण पक्षहरु खुलाई नमूना सम्झौता तयार गरी पठाउनेछ ।

(३) आपूर्तिकर्ता/ठेकेदारलाई रकमको भुक्तानी कार्य प्रगतिको आधारमा अनुसूचि-१ बमोजिम गरिनेछ । यस्तो भुक्तानी गर्दा रितपूर्वकको कागजात प्राप्त भएको मितिले पन्ध्र दिनभित्र भुक्तानी दिनुपर्नेछ ।

**१३. सार्वजनिक खरीद ऐन/नियमावली लागू हुने** : आयोजना सम्बन्धी खरीद प्रक्रिया, भुक्तानी लगायतका कार्यहरु प्रचलित सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरीद नियमावली बमोजिम हुनेछ ।

**१४. आयोजनाको हस्तान्तरण**: (१) आयोजनाको निर्माण कार्य सम्पन्न भए पश्चात् आयोजना प्रवर्द्धकले कार्य सम्पन्न प्रतिवेदन केन्द्रमा बुझाउनुपर्नेछ । केन्द्रले सम्पन्न भएको आयोजनाको कार्य सम्पन्न प्रतिवेदन र स्थलगत निरीक्षण गरी आयोजना सम्पन्न भएको प्रमाणित गर्नेछ । सो पश्चात् आपूर्तिकर्ता/ठेकेदारले आयोजना प्रवर्द्धकलाई आयोजना हस्तान्तरण गर्नेछ ।

**१५. आयोजनाको सञ्चालन, मर्मतसम्भार तथा दीगोपना** : आयोजना हस्तान्तरण पश्चात् नियमित सञ्चालनका लागि आवश्यक पर्ने मर्मतसम्भार सम्बन्धी सम्पूर्ण कार्यहरु आयोजना प्रवर्द्धकले गर्नुपर्नेछ ।

## परिच्छेद -५
## मिनीग्रिड आयोजनाको गुणस्तर तथा मापदण्ड निर्धारण

**१६. मिनीग्रिड आयोजनाको गुणस्तर** : (१) आयोजनामा उपयोग हुने उपकरणहरू नेपाल फोटोभोल्टेक गुणस्तर, नेपाल विद्युत प्राधिकरणको मापदण्ड र केन्द्रद्वारा निर्धारित प्राविधिक मापदण्ड बमोजिम हुनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमका उपकरणहरु नवीकरणीय ऊर्जा परीक्षण केन्द्रद्वारा परीक्षण गरी प्रमाणीकरण भएको हुनुपर्नेछ । नवीकरणीय ऊर्जा परीक्षण केन्द्रमा परीक्षण सुविधा नभएका प्रणालीहरूको हकमा आधिकारिक अन्तराष्ट्रिय परीक्षण केन्द्रमा परीक्षण गरी प्रमाणीकरण भएको हुनुपर्नेछ ।

(३) अन्तर्राष्ट्रिय स्तरका प्राविधिक गुणस्तर प्रमाणपत्र भएको हकमा त्यस्ता कम्पनी वा सो मार्फत उत्पादित सामाग्रीको प्राविधिक स्तर र प्रमाणपत्रको प्रमाणीकरण केन्द्रबाट वा नवीकरणीय ऊर्जा परीक्षण केन्द्र वा केन्द्रले तोकेको आधिकारीक निकायबाट समेत गर्न सकिनेछ ।

## परिच्छेद -६
## विविध

**१७. स्वीकृत ढाँचा बमोजिम हुने** : आयोजनाको माग संकलन, पूर्व- सम्भाव्यता अध्ययन, छनौट,

विस्तृत सम्भाव्यता अध्ययन, प्राविधिक डिजाइन, अनुगमन, मूल्यांकन आदि केन्द्रद्धारा स्वीकृत ढाँचा बमोजिम हुनेछ ।

१८. आयोजनाको अनुगमनः (१) आयोजनाको अनुगमन समिति, केन्द्र वा स्थानीय तहद्वारा आफैं वा स्वतन्त्र परामर्शदाता मार्फत् गर्न सकिनेछ ।

(२) केन्द्रले आयोजना प्रवर्द्धकलाई आयोजना निर्माण कार्य छिटो छरितो गराउनको लागि नियमित रुपमा समन्वय गर्नेछ ।

(३) आयोजना निर्माणपछिको सेवा प्रवाहको अनुगमन सम्बन्धित स्थानीय तहले गर्नेछ र सो को लागि आवश्यक प्राविधिक सहयोग केन्द्रले गर्नेछ ।

**१९. आयोजनालाई राष्टिय प्रशारण लाइनमा समाहित गरिने**: आयोजना भएको स्थानमा राष्ट्रिय प्रशारण लाइन पुगेपछि मिनीग्रिड आयोजनालाई प्रचलित नियम बमोजिम नेट मिटरिङ वा नेट पेमेन्टको आधारमा उत्पादित ऊर्जा बिक्री गर्ने गरी नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरी राष्ट्रिय प्रशारण लाइनमा समाहित गरिनेछ ।

२०. **विद्युत महसुल निर्धारण** : (१)आयोजनाबाट उत्पादित विद्युतको महसुल निर्धारण नेपाल विद्युत प्राधिकरणको प्रचलित महसुल दरमा रहेको वर्गीकरण अनुसार नबढ्ने गरी निर्धारर्ण गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको महसुल आयोजना प्रवर्द्धकले उठाउने र सो रकमलाई छुट्टै बैंक खाता खोली जम्मा गर्नुपर्नेछ । सो रकमबाट आयोजनाको सञ्चालन, व्यवस्थापन तथा मर्मतसम्भार (जनशक्तिको तलब सुविधा समेत) र विद्युत उत्पादन, वितरण प्रणाली तथा सेवाको विस्तारमा खर्च गर्न सकिनेछ ।

**२१. लेखापरीक्षण गर्नुपर्ने** : मिनीग्रिड आयोजनाको प्रचलित कानुन बमोजिम वार्षिक लेखा परीक्षण गर्नुपर्नेछ ।

**२२. आवधिक प्रतिवेदन पेश गर्नुपर्ने**: आयोजना प्रवर्द्धकले यस नियमावली बमोजिम भए गरेका कामको निर्माण अवधिमा चौमासिक तथा सञ्चालनमा आए पश्चात् वार्षिक प्रतिवेदन तयार गरी केन्द्र र प्रदेश सरकार समक्ष पेश गर्नुपर्नेछ ।

**२३..प्रचलित कानुन बमोजिम हुने** : यस नियमावलीमा उल्लेख नभएका प्रावधानहरु प्रचलित ऐन, नियम बमोजिम हुनेछ ।

# अनुसूची -१
## (नियम १२ को उपनियम (३) सँग सम्बन्धित)
## भुक्तानी तालिका

| भुक्तानी किस्ता | भुक्तानी | स्रोत | भुक्तानीको शर्त | आवश्यक कागजात |
|---|---|---|---|---|
| पहिलो पेश्की ( अग्रिम भुक्तानी) | सम्झौता रकमको बढीमा १० प्रतिशत | केन्द्र/आयोजना प्रवर्द्धक | सम्झौतामा हस्ताक्षर भए पश्चात् बैंक जमानतको आधारमा | बैंक जमानत |
| दोस्रो पेश्की | सम्झौता रकमको बढीमा १० प्रतिशत | केन्द्र/आयोजना प्रवर्द्धक | कार्य प्रगति र बैंक जमानतको आधारमा | बैंक जमानत र कार्य प्रगति प्रतिवेदन |
| कार्य प्रगतिको आधारमा गरिने भुक्तानी | ढुवानी भएका सामाग्री तथा जडान कार्यको प्रगतिको आधारमा सम्झौता रकमको बढीमा ६० प्रतिशत | केन्द्र/आयोजना प्रवर्द्धक | उपकरणहरु आयोजनास्थलमा ढुवानी पश्चात् | उपकरण हस्तान्तरण फाराम र बिजक (Equipment Delivery Form and invoice) जडान कार्यको प्रगति प्रतिवेदन र बिल/बिजक |
| अन्तिम किस्ता | सम्झौता बमोजिमको बाँकी रकम | केन्द्र/आयोजना प्रवर्द्धक | जडान सम्पन्न तथा परीक्षण सञ्चालन | आयोजना सम्पन्न, परीक्षण सञ्चालन प्रतिवेदन तथा केन्द्रको अनुगमन/परीक्षण प्रतिवेदन र बिल बिजक |
| सञ्चालन तथा व्यवस्थापनको प्रत्याभूतिको लागि | कार्य सम्पादन जमानत (सम्झौता रकमको कम्तीमा ५ प्रतिशत) | केन्द्र/आयोजना प्रवर्द्धक | ५ वर्षसम्म सफल रुपमा सञ्चालन | केन्द्रको अनुगमन/परीक्षण प्रतिवेदन |